राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २८ गते सोमबार ❑ 12 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेश सरकारको आर्थिक स्थिति सम्बन्धमा श्वेतपत्र जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

गण्डकी प्रदेश सरकारको आर्थिक स्थिति सम्बन्धमा श्वेतपत्र जारी गरिएको छ। आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले श्वेतपत्र सार्वजनिक गर्नु भएको हो।



उहाँले प्रथम पञ्चवर्षीय योजना अवधिमा औसत आर्थिक वृद्धिदर १०.२ प्रतिशत हासिल गर्ने लक्ष्य राखिएको भएता पनि गएका तीन वर्षमा आर्थिक वृद्धिदर बढ्नुको साटो घट्दै गएको बताउनुभयो। आर्थिक वृद्धिदर ह्रास हुनुमा मूलतः कोरोना महामारीद्वारा सिर्जित सङ्कट र त्यसको व्यवस्थापनमा भएका कमीकमजोरी मुख्य जिम्मेवार रहेको उहाँको भनाइ छ। प्रदेशको अर्थतन्त्रको आकारमा गएको तीन वर्षमा खासै सुधार हुन नसकेको बताउँदै उहाँले प्रदेशले मुलुकको कूल ग्रार्हस्थ उत्पादनमा आव २०७५/७६ मा ८.३ प्रतिशत योगदान गरेकामा चालू आवमा ८.७ प्रतिशत योगदान गर्ने अनुमान गरिएता पनि उक्त लक्ष्य हासिल हुने विश्वासिलो आधार नदेखिएको बताउनुभयो। विगत सरकारले प्रदेशमा जम्मा दुई लाख १८ हजार ३९९ जनाको पिसीआर परीक्षण गराएकामा ५० हजार ६४७ कोरोना सङ्क्रमण पुष्टि भएका र ८५० को दुखद् मृत्यु भएको उल्लेख गर्दै श्वेतपत्रमा पिसीआर परीक्षण, आइसोलेशन केन्द्रको व्यवस्था, स्वास्थ्य उपचार आदि प्रभावकारी हुन नसक्दा नागरिकले विभिन्न कठिनाइको सामना गर्नुपरेको उल्लेख छ।

विगत सरकारको समयमा जम्मा दुई लाख ६७ हजार ८४६ जनाले खोप प्राप्त गरेकामा जम्मा ५० हजार ९३६ ले दुवै डोज खोप लिएको सरकारले जनाएको छ। कूल प्रदेशवासीमध्ये कम्तीमा एक डोज खोप पाउने नागरिक १०.६ प्रतिशत रहेको र करीब ८९ प्रतिशत नागरिकले खोप पाउन नसकेको श्वेतपत्रमा जनाइएको छ। विद्यमान कोभिड-१९ महामारीले सिर्जना गरेका आर्थिक र सामाजिक समस्याको पहिचान र त्यसबाट प्रदेशवासीलाई सुरक्षित राख्नका लागि पर्याप्त कार्यक्रम सञ्चालन हुन नसकेको उल्लेख गरिएको छ। प्रदेश र स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित र प्रभावकारी नबनेको बताउँदै मुख्यमन्त्री पोखरेलले नियमित तथा नतीजा सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्न नसकिएको बताउनुभयो।

आवधिक योजना र वार्षिक बजेटको सेतुको रुपमा मध्यमकालीन खर्च संरचनाको अवधारणा प्रदेशमा कार्यान्वयनमा ल्याइएको भएता पनि त्यसको पालना नभएको श्वेतपत्रमा जनाइएको छ। स्थानीय तहको बजेट मध्यमकालीन खर्च संरचनामा आधारित भएर तयार हुने प्रणालीको कार्यान्वयनमा सहजीकरण हुन नसकेको भनिएको छ।

प्रदेशमा गएका वर्षमा द्वितीय क्षेत्रको योगदान घट्दै गएको उल्लेख गर्दै श्वेतपत्रमा आव २०७५/७६ मा ग्रार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको योगदान १७.४ प्रतिशत रहेको र यसलाई प्रदेशको प्रथम योजनाको अन्त्यसम्ममा २२.४ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको भएता पनि चालू आवको अन्त्यसम्ममा यस क्षेत्रले अर्थतन्त्रमा जम्मा १६.६ प्रतिशत योगदान गर्ने अनुमान गरिएको छ। द्वितीय क्षेत्रमा आएको ह्रासका कारण अर्थतन्त्रले सही दिशा लिन नसकेको श्वेतपत्रमा उल्लेख छ।

प्रदेशको आवधिक योजना कार्यान्वयनका लागि जम्मा १० खर्ब १२ अर्ब पुँजी लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको बताउँदै मुख्यमन्त्री पोखरेलले सार्वजनिक क्षेत्रबाट कूल लगानीको ३५.६ प्रतिशत खर्च गर्ने प्रतिबद्धता गरिएको बताउनुभयो। यसका लागि सरकारले प्रत्येक वर्ष करीब ७२ अर्ब पुँजी लगानी गर्नु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विनियोजन गरेका बजेटको विवरण नदिएसम्म संसद अबरुद्ध गर्ने एमालेको चेतावनी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले गण्डकी प्रदेश सभा बैठकको संसद अबरुद्ध गरेको छ।

असार १ गते आएको बजेटको आइतबारदेखि छलफल गर्ने कार्यसूची तय गरे पनि विहान करिब ११ बजेदेखि सुरु भएको संसद बैठक सुरु भएको केही समयमै एमालेले बिरोध गरेपछि हाल संसद बैठक स्थगित भएको हो। सभामुख नेत्रनाथ अधिकारीले बैठक प्रारम्भ गरेसंगै एमाले सांसदहरु आफुहरु बसेको स्थानबाट उठ्दै सदनमा सरकारले अवैध ढंगबाट रकम विनियोजन गरेकोले त्यसको विवरण सार्वजनिक गर्न माग गर्दै सदन अबरुद्ध गरेको एमाले सांसद रामशरण बस्नेतले बताए। सभामुख अधिकारीले बस्नेतलाई केही भनाई राख्न दिएसंगै एक बजेसम्मको लागि स्थगित भएको बैठक आइतबार चल्न सकेन्।

प्रदेशका निवर्तमान भौतिक पूर्वाधार तथा योजना मन्त्री समेत रहेका बस्नेतले नयाँ सरकारले बजेट रकमान्तर गरेको तर पुराना काम सकिएका योजनाको भुक्तानी रोकेको आरोप लगाए। कांग्रेस नेतृत्व नयाँ सरकारले असार १६ देखि २३ गतेसम्म कति करोड रुपैयाँ विनियोजना गऱ्यो, के का आधारमा योजना छनोट गरियो ? उक्त विवरण आफुहरुलाई सार्वजनिक गरे पछि मात्र सदन अघि बढाउने बिषयमा आफुहरुले सहमती गर्ने अन्यथा सदन चल्न नदिने सांसद बस्नेतले बताए। असारमा हिलोमा पैसा खन्याउने गरी गरिएको लगानीको सम्पूर्ण विवरण आफुहरुले थाहा पाउनु पर्ने सूचनाको अधिकार भएको उनको भनाई थियो।

सत्तरुद्ध दलहरुले अबको बाटो कसरी अघि बढ्ने बिषयमा छलफलमा व्यस्त भएको श्रोतको दाबी छ।

## विना विभागीय मन्त्रीलाई जिम्मेवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

गठबन्दन सरकार दुई मन्त्रीले अन्ततः मन्त्रालयको जिम्मा पाएसंगै करिब एक महिना पछि सपथ खाएका छन्।

बिना विभागीय मन्त्रीको सपथ खाएका स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) र जसपाका हरिशरण आचार्यले मन्त्रालयको जिम्मा पाएसंगै आइतबार नै सपथ खाएका हुन्। पहिला नै युवा तथा खेलकुद मन्त्रालय सम्हालेका मनाङेले पुनः खेलकुद मन्त्रालयको जिम्मा पाएका हुन भने जसपाका आचार्यले ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयको जिम्मा पाएका हुन्। मनाङेले भौतिक पूर्वाधार र आचार्यले पहिलो रोजाईमा अर्थ मन्त्रालय त्यस पछि भौतिक पूर्वाधार मन्त्रालय समेत माग गरेकोमा कुरा मिल्न नसके पछि मन्त्री मण्डल विस्तार गर्न करिब एक महिना समय लागेको श्रोतको दाबी छ।

यसअघि कांग्रेसका कुमार खड्का शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको जिम्मा पाएका छन भने माओवादीकी मधुमाया अधिकारीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हालेकि छन्। ११ वटा मन्त्रालयहरु मध्य बाँकी मन्त्रालयको बाडफाँड सम्भवत बजेट पास भए पछि गर्ने रणनितीक योजना रहेको श्रोतको भनाई छ। हाल भौतिक पूर्वाधारमा माओवादी केन्द्र र कांग्रेस दुवैले दाबी गरेका छन्। अब जसपाले एक, कागेंसले थप २, माओबाद केन्द्रले थप ३ मन्त्रालय पाउने सम्भावना रहेको छ।

## एमाले कार्यदलले गऱ्यो १० बुँदे सहमति

**रासस**
**काठमाडौं, २७ असार**

सत्तारूढ दल नेकपा (एमाले) को एकता कार्यदलले १० बुँदे सहमति गरेको छ।

आइतबार लगातार १४ घण्टासम्म चलेको म्याराथुन छलफलपछि कार्यदलले पार्टी एकताका लागि १० बुँदे सहमति गरेको हो। १४ घन्टा लामो बैठकपछि सहमतिबारे जानकारी दिँदै नेता भीम रावलले एकताबद्ध हुँदै अगाडि बढ्ने सहमति भएको भएर र कार्यदलका सदस्यहरुबीच १० बुँदे सहमति भएको जानकारी गराएका थिए। माधव नेपाल निकट कार्यदल सदस्य घनश्याम भुसालले आफूहरूले तयार पारेको सहमतिको बुँदाबारे माधव नेपाललाई पनि जानकारी गराएको बताए। नेताहरुले यी सहमति नेताद्वय केपी शर्मा ओली र माधवकुमार नेपाललाई बुझाउनेछन्। एमालेका सचिव प्रदीप ज्ञवालीले उक्त सहमतिको १० बुँदे प्रस्ताव सञ्चारकर्मीहरुलाई पढेर सुनाएका थिए। ज्ञवालीका अनुसार अन्तरविरोधहरुलाई पार्टीभित्रै विधिसम्मत ढंगले समाधान गर्दै अघि बढ्न कार्यदल सहमत भएको छ। 'केही समय यता पार्टीका आन्तरिक अन्तरविरोधहरु पार्टीको दायरा भन्दा बाहिर पुगेका छन् र कतिपय सन्दर्भमा कटुतापूर्ण तथा एकअर्काप्रति निषेधात्मक बन्दै गएका छन्, यस्ता अन्तरविरोधहरुलाई पार्टीभित्रै विधिसम्मत ढंगले समाधान गर्दै अघि बढ्न हामी सहमत भएका छौं।'

## नेकपा (माओवादी केन्द्र) वैधानिक छ : आयोग

**रासस**
**काठमाडौं, २७ असार**

निर्वाचन आयोगले संवैधानिक तथा कानूनी शर्त पूरा गरेर दर्ता भएको नेकपा (माओवादी केन्द्र) को वैधानिकताबारे कुनै प्रश्न नरहेको स्पष्ट पारेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको अध्यक्षतामा बसेको पूर्ण बैठकले संवैधानिक तथा कानूनी शर्त पूरा गरी आयोगमा दर्ता कायम रहेको देखिएकाले माओवादी केन्द्रको वैधानिकताका सम्बन्धमा प्रश्न उठाइ दिएको निवेदन उपर केही गरिरहन परेन भनी निर्णय भएको प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। पूर्वमाओवादी नेताको तर्फबाट अधिवक्ता सरोज बुढाथोकीले (माओवादी केन्द्र) ले लामो समयदेखि महाधिवेशन नगरेको जनाउँदै वैधानिकतामाथि प्रश्न उठाएर आयोगमा निवेदन दिनुभएको थियो। भविश्वर पराजुलीले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष आफू नै रहेकाले वैधानिकता प्रदान गर्न भनी दिएको निवेदनका सम्बन्धमा आयोगले अन्य राजनीतिक दलको प्लेटरप्याड प्रयोग गरी गलत विवरण उल्लेख गरेकामा सचेत गराउँदै आयोगमा अभिलेखीकरण गर्ने निर्णय भएको पनि प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

## पोखरा रानीपौवाको एक घरमा आगलागी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

पोखरा महानगरपालिका ११ रानीपौवा चोकको एक घरमा आइतबार साँझ लागेको आगो करिब ३३ मिनेटमै नियन्त्रणमा आएको छ।



पोखराका युवा व्यवसायी इश्वर कर्मचार्य, कल्याण कर्मचार्य सहितको घरमा लागेको आगो सुरक्षाकर्मी, पोखरा महानगरपालिकाको दमकल र स्थानियको साथ र सहयोगले उक्त आगोलाई ३३ मिनेटमै नियन्त्रणमा लिन सफल भएको कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी. सुवास हमालले बताए। साँझ आफुहरुलाई आगलागी भएको खबर पाउन साथ दमकल सहित नेपाल प्रहरी, नेपाली सेना र शसस्त्र प्रहरीलाई तत्काल खबर गरी आफुहरु आगो नियन्त्रणमा जुटेको हुदा समयमै आगोलाई नियन्त्रणमा लिन सफल हुदा थप जोखिम हुनबाट बचाउन सकिएको उनले बताए।

नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, पोखरा महानगरको दमकल सहित केही कर्मचारीको संयुक्त प्रयासबाट र पानीको फोहोरा आगलागी भएको ठाँउमा सहज ढंगले पुराउन सहज भएकोले गर्दा आगो नियन्त्रणमा सहज ढंगले भएको घर धनी इश्वर कर्मचार्यले बताए। उनले भने "हामीहरुको पुरानो घर हो, हाम्रो ६ दाजु भाइको यस घरमा हाल ४ जनालाई घरमा कुरुवाको रुपमा बस्न दिएका थियौं तर आज उनीहरु कै कारण आज घरमा आगलागी भयो, धन्य मानविय र हाम्रो ठुलो क्षति भने भएन यद्यपी पुरानो मोडलको झ्याल ढोका सहितका केही बस्तु भने क्षति पुग्यो।

कर्मचार्यको घरमा बसेकाले चिया बसालेर बाहिर आएको कारण घरमा अगलागी भएको हुन सक्ने कर्मचार्यको दाबी छ। कर्मचार्यको घरमा बसेकाहरुको भने खाद्यन्न र लत्ता कपडा समेत आगोमा जलेर नष्ट भएको उनीहरुले गुनासो गरेका छन्। कर्मचार्य परिवारले २०१६ सालमा निर्माण गरेको १२ कोठे ठुलो र लामो घरको संरचना रानीपौवा पेट्रोल पम्पको भवनसंगै लगभग जोडिएको अबस्थामा रहेको छ। उक्त घरमा लागेको आगो अन्य घर बस्ती जोडिएकै अबस्थामा धेरै नै भएको र पम्प समेत नजिकै भएकोले समयमै आगो नियन्त्रण गर्न सफल हुदा थप जोखिम हुनबाट बचाउन सकिएको पेट्रोल पम्पका संचालक एवं पेट्रोलियम डिलर्स एशोसियसन गण्डकी धौलागिरीका अध्यक्ष राजन गंगजुले बताए। आगो लागेको दृश्य अवलोकन गर्न त केही आगो नियन्त्रण गर्न एकै छिनमा ठुलो सङ्ख्यामा मानिसहरुको भिडभाड भएको थियो।

## स्याङ्जामा नयाँ भेरियन्ट डेल्टा पुष्टि

**पोखरापत्र संवाददाता**
**वालिङ, २७ असार**

स्याङ्जाका दुई जनामा डेल्टा भेरियन्ट पुष्टि भएको छ। स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका ६० र १४ वर्षीय दुई पुरुषको नयाँ भेरियन्टको आशङ्कामा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले नमूना परीक्षणका लागि काठमाडौंस्थित जनस्वास्थ्य प्रयोगशालामा पठाएकामा डेल्टा भेरियन्ट पुष्टि भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले आइतबार विज्ञप्तिमार्फत जानकारी गराएको छ।

निर्देशनालयले जारी गरेको विज्ञप्तिअनुसार उनीहरुमा नयाँ भेरियन्ट डेल्टा बि.१.६१७.२ भएको पुष्टि भएको हो। प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नयाँ भेरियन्ट जाँचका लागि जेठ ३१ गते काठमाडौं पठाइएकामा स्याङ्जाका दुईसहित गोरखाको बारपाक सुलीकोट गाउँपालिकाका ३३, ४० र ७० वर्षीया तीन महिला गरी पाँच जनामा नयाँ भेरियन्ट फेला परेको हो।



# ज्येष्ठ नागरिक सम्मान पत्रकारिता पुरस्कारको घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

लेखनाथ उद्योग वाणिज्य सङ्घका संस्थापक अध्यक्ष एवं उद्योगपति चन्द्रकृष्ण कर्माचार्यले 'ज्येष्ठ नागरिक सम्मान पत्रकारिता पुरस्कारको' घोषणा गरेका छन्।

पत्रकारिताको माध्यमबाट ज्येष्ठ नागरिकका समस्या एवं हकहितलगायतका विषयमा कलम चलाउने पत्रकारलाई पुरस्कृत गर्ने गरी पुरस्कारको घोषणा गरिएको हो।

लेखनाथ उद्योग वाणिज्य सङ्घको संयोजकत्वमा प्रत्येक वर्ष स्थापना दिवसमा प्रदान गर्ने गरी सङ्घको २५ औँ स्थापना दिवस तथा रजत वर्षको शुभारम्भ कार्यक्रममा सङ्घका संस्थापक अध्यक्ष कर्माचार्यले आफूले ७० वर्ष पार गरेको सन्दर्भमा पुरस्कारको घोषणा गरेका हुन्। यही २०७८ सालदेखि सञ्चालनमा आउने पुरस्कारको राशि रु ७५ हजार रहने उनले जानकारी दिए।

ज्येष्ठ नागरिकको अधिकार प्राप्तिका पक्षमा लेख, रचना, श्रव्यदृश्य आदिद्वारा पुऱ्याएको योगदानको कदर गर्दै सो पुरस्कार प्रदान गरिने जनाइएको छ। पुरस्कार छनौट समितिमा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्षको संयोजकत्वमा सङ्घका पूर्वअध्यक्ष, केन्द्रिय सदस्य, सल्लाहकार मध्येबाट एक जना, नेपाल पत्रकार महासङ्घ कास्की शाखाका अध्यक्ष वा महासङ्घले तोकेको व्यक्ति, पूर्व सम्मानित प्रतिभा मध्येबाट एक जना र सङ्घको महासचिव पदेन सदस्य सचिव रहने व्यवस्था छ। पुरस्कार हरेक वर्ष असार २० गते सङ्घको स्थापना दिवसको अवसरमा प्रदान गरिनेछ।

# ढुङ्गा फुटाएपछि पृथ्वी राजमार्ग दुईतर्फी

**रासस**
**दमौली, २७ असार**

शनिबार बिहान ४ बजेदेखि एकतर्फी रुपमा सञ्चालित पृथ्वी राजमार्गअन्तर्गत तनहुँको दमौली-जामुने खण्ड दुईतर्फी सञ्चालनमा आएको छ।

म्याग्दे गाउँपालिका-१ बरचौरमा ठूलो ढुङ्गाको पहिरा खसेपछि एकतर्फी सञ्चालनमा रहेको उक्त ठाउँको ढुङ्गा सहितको पहिरा आइतबार साँझ ५:४० मा सफा गरिएको हो। ठूलो चट्टान ढुङ्गा फुटाई सडक सफा गरेपछि राजमार्ग दुईतर्फी सञ्चालन भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरिक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो। 'अब राजमार्गमा कुनै अवरोध छैन', प्रनाउ तिमिल्सिनाले भन्नुभयो। यसअघि यस ठाउँमा खसेको ढुङ्गाले राजमार्ग एकतर्फी हुँदा कयौँ सवारीसाधन बेलाबेलामा रोकिन पुगेका थिए। तनहुँको व्यास-१ र १३ जोड्ने छाब्दीखालामा डाइभर्सन निर्माण गरिएपछि सवारी वारपार शुरु भएको छ। पक्की पुल बाढीले भत्काएको ११ दिनपछि उक्त ठाउँबाट यातायात सञ्चालनमा आएको हो। व्यास नगरपालिकाले बनाएको ह्युम पाइपमार्फत आज सवारी साधन सञ्चालन भएको स्थानीयवासी यामबहादुर आलेले जानकारी दिनुभयो। 'तत्कालका लागि अस्थायी रुपमा भने पनि सवारी सञ्चालन गर्ने सक्ने भएको छ, भोलिबाट बेलिब्रिज निर्माण शुरु हुन्छ', उहाँले भन्नुभयो। बाढीले पुल भत्काएपछि यस भेगका सर्वसाधारणले जोखिम मोलेरै खोला वारपार गर्दै आएका थिए।

# रोकिएका विदेशीलाई असार मसान्तसम्म प्रवेशाज्ञा शुल्कमा छुट

**रासस**
**काठमाडौं, २७ असार**

कोरोना महामारीका कारण नेपालमा रोकिएका विदेशी पर्यटकलाई यही असार मसान्तसम्म प्रवेशाज्ञा शुल्क तथा जरिवानामा छुट दिइएको छ। दोस्रो लहरको कोरोना सङ्क्रमणलाई ध्यानमा राख्दै जारी अधिकांश जिल्लामा निषेधाज्ञा लागू हुँदा र नियमितरुपमा हुँदै आएको अन्तरराष्ट्रिय उडान बन्द हुँदा नेपालमा रोकिएका विदेशी पर्यटकलाई प्रवेशाज्ञा शुल्कमा छुट दिइएको हो।

अध्यागमन विभागले एक सूचना जारी गर्दै गत वैशाख १५ गतेसम्म प्रवेशाज्ञाको अवधि भएका पर्यटकका लागि यही असार ३१ गतेभित्र नेपालबाट प्रस्थान हुँदा लाग्ने शुल्कमा छुट दिइएको जनाएको हो। "वैशाख १५ गतेसम्म नेपालको वैध प्रवेशाज्ञा भएका र असार ३१ गतेभित्र नेपालबाट प्रस्थान हुने विदेशीको हकमा निजको प्रस्थानका समयमा नै अध्यागमन कार्यालय त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट निःशुल्क प्रवेशाज्ञा नियमित हुनेछ", सूचनामा भनिएको छ।

प्रवेशाज्ञाको अवधि सकिएका विदेशी पर्यटकले नेपालमा थप बस्दा दैनिक तीन अमेरिकी डलर बराबरको प्रवेशाज्ञा शुल्क र त्यस अवधिमा प्रवेशाज्ञा नियमित नहुँदा दैनिक पाँच डलर जरिवानाबापत शुल्क लाग्छ।

विभागको सूचनाअनुसार नेपालमा आफ्नो बसाईं थप गर्नका लागि असार २५ गतेदेखि आवेदन गर्ने र आगामी साउन १ गतेदेखि नेपालबाट प्रस्थान गर्ने विदेशीका हकमा नियमानुसार प्रवेशाज्ञा शुल्क, विलम्ब शुल्क र जरिवाना लाग्नेछ। प्रचलित अध्यागमन कानूनमा रहेको प्रावधानमा एक प्रवेशाज्ञा वर्षमा पर्यटकले १५० दिनसम्म बस्न सकिने व्यवस्था रहेको भए पनि निषेधाज्ञाको अवधि गणना नगर्ने साविककै सूचनाअनुसार बस्न पाउने अवधि २१० दिन कायम गरिएको छ।

पछिल्लो पटक असार २१ को मन्त्रिपरिषद् बैठकले सबै अन्तरराष्ट्रिय उडान खुलाउने निर्णय लिएको थियो। आजदेखि विभिन्न गन्तव्यमा सातामा ५३ उडान खुला भएका छन्। अधिकांश देशमा नियमितरुपमा उडान शुरु भए पनि अझै केही देशमा उडान शुरु हुन सकेको छैन।

# गण्डकी...

आवश्यक रहेको बताउँदै उहाँले गएका तीन आर्थिक वर्षमा सरकारले गरेको पुँजीगत खर्च वार्षिक करीब ११ अर्ब मात्र रहेको बताउनुभयो। निजी क्षेत्रबाट कूल लगानीको ५८.१ प्रतिशत, सहकारी क्षेत्रबाट ४.४ प्रतिशत र सामुदायिक क्षेत्रबाट १.९ प्रतिशत लगानी हुने अपेक्षा गरिएको उल्लेख गर्दै श्वेतपत्रमा निजी क्षेत्रबाट ठूलो लगानी अपेक्षा गरेको अवस्थामा लगानीको लागि निजी क्षेत्रमैत्री वातावरण निर्माण हुनु पर्नेमा जोड दिइएको छ। प्रदेशमा लगानीको लागि अनुकूल वातावरण निर्माण गरिने बताउँदै मुख्यमन्त्री पोखरेलले सुशासन प्रवर्द्धन गर्ने र विद्यमान महामारीबाट नागरिकलाई जोगाउँदै प्रदेशको स्वास्थ्य, सामाजिक तथा आर्थिक अवस्थालाई पुनर्जीवन र गति दिने कार्यमा सरकारले सम्पूर्ण ध्यान केन्द्रित गर्ने छ भन्नुभयो।

# जसपा खारेजको माग गर्दै सर्वोच्चमा रिट

**रासस**
**काठमाडौं, २७ असार**

सर्वोच्च अदालतमा जनता समाजवादी पार्टी (जसपा) खारेज गर्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ। निर्वाचन आयोग र जसपालाई विपक्षी राजपाका तत्कालीन उपाध्यक्ष राजकुमार थापाको तर्फबाट अधिवक्ता हृदयराज मिश्रले आइतबार दायर गरेको रिट निवेदनमा जसपालाई खारेज गर्न माग गरिएको हो।तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी नेपालबीचको एकीकरण संविधान र कानूनी रुपमा अवैधानिक भएको र कार्यसमितिमा ३३ प्रतिशत महिला पनि नभएको रिट निवेदनमा छ। रिट निवेदनमा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म जसपाको राजनीतिक क्रियाकलाप, सदस्य हेरफेर तथा अन्य सबै काम कारवाही यथास्थितिमा राख्न र राजनीतिक गतिविधिको सिलसिलामा हुने निर्णय समेत रोक्न आदेशको माग गरिएको छ।

# खेलकुद, शैक्षिक सामाग्री तथा नगद वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**

लायन्स क्लव अफ पोखरा सिमलचौतारीले पोखरा महानगरपालिका वडा नं. २३ चापाकोट आधारभूत विद्यालयलाई शनिवार खेलकुद, शैक्षिक तथा जेहेन्दार विद्यार्थीलाई नगद पुरस्कार वितरण गरेको छ।

लायन्स क्लव क्लस्टर ५ का क्लस्टर चिफ पुरुषोत्तम पराजुलीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य राख्दै पराजुलीले क्लवले दलित, विपन्न र न्यून आयभएका बालबालिकाको लागि गरिएको सहयोगल बालबालिकाको पठनपाठनमा प्रोत्साहन मिल्ने र खेलकुदले स्वस्थ शरीर निर्माणमा सहयोग पुऱ्याउने बताउनुभयो।

क्लवको वर्तमान थिम अन्तर्गत रही सामाजिक उत्तरदायित्वमा क्लवले गरेको कार्य प्रसंसनीय रहेको बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल पराजुलीले क्लवको सहयोगप्रति धन्यवाद दिंदै विद्यालय सबैको साझा सम्पत्ति भएको र विद्यार्थी माथिको शैक्षिक लगानी पुण्य कार्य भएको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक इन्द्र प्रसाद पौडेल, क्लवका चार्टर प्रेसिडेण्ट नरेश बरालले क्लवलाई धन्यवाद सहित विद्यालयलाई निरन्तर सहयोग रहने बताउनुभयो। कार्यक्रममाक्यारेमबोर्ड,चेस,फुटबल, डोरी, कपी, कलम, पेन्सिल, चार्ट लगायत जेहेन्दार विद्यार्थीलाई नगद रु.२ हजार वितरण गरिएको थियो। क्लवका अध्यक्ष दामोदर बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन सचिव पदम बस्ताकोटीले गर्नुभएको थियो भने क्लवका प्रथम उपाध्यक्ष परमेश्वर बरालले स्वागत मन्तव्य राख्नुभएको थियो।

# लायन्स क्लब हेमजाद्धार वृक्षारोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ असार**



लायन्स क्लब अफ हेमजाले विष्णु पादुका मावि हेमजा प्राङ्गणमा वृक्षारोपण गरेको छ।

लियो क्लब अफ हेमजाको व्यवस्थापनामा भएको उक्त वृक्षारोपण कार्यक्रममा धुपी, हर्रो, वर्रो, तेजपत्ता, कपुर, गोलमोहर, चौटाजार लगायतका जडिवुटीका विरुवा रोपेको हो।

कार्यक्रममा बोल्दै रिजन चेयर पर्सन जिवन गोर्खालीले रोपेका विरुवाको संरक्षणको खाँचो रहेको बताए। लायन्स क्लब हेमजाका अध्यक्ष प्रकाश पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष तीर्थबहादुर थापा, पूर्व अध्यक्ष राजेन्द्रबहादुर सापकोटा, पूर्व अध्यक्ष मोतिराज तिमिल्सिना, पूर्व अध्यक्ष हरिश्चन्द्र पौडेल, लियोका जोन निर्देशक विष्णुप्रसाद दाहाल विद्यालयका शिक्षक मिनबहादुर थापा पराजुली, जोन १७ का मिडिआ कोअर्डिनेटर प्रकाशचन्द्र सापकोटा, प्रथम उपाध्यक्ष डोलराज श्रेष्ठ, सचिव सन्तमान श्रेष्ठले बोलेका थिए।





बाढीपहिरोको प्रकोप न्यूनिकरण गर्न जथाभावी ढुङ्गा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# एमाले कार्यदलको १० बुँदे सहमति

विभाजनको डिलमा पुगेको सत्तारुढ नेकपा एमालेमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपाल पक्षबीच १०बुँदे सहमति भएको छ। सर्वोच्च अदालतको फैसला अगाडि कुनै संझौता नहुने भनी आएका हल्ला चिर्दै कार्यदलले निर्णय गरेर कार्यकर्ता र समर्थकको भावनाको कदर गरेको छ। यो सहमतिलाई सोमबार बोलाइएको स्थायी कमिटीको बैठक अनुमोदन गर्ने तयारी छ। दुबै पक्षका नेताहरु रहेको कार्यदलले सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा र सरकारबारे पार्टी एकताको मर्म र भावनाका आधारमा विधिसम्मत एवं संस्थागत निर्णय अनुसार अगाडि बढ्ने सहमति गरेको छ। अदालतमा विचाराधीन विषयमा सहमति गर्ननहुने बरिस्ठ नेता नेपालको अडानले गर्दा सहमति जुटाउन समय लागेको थियो।

कार्यदलको औपचारिक र अनौपचारिक बैठकमा धेरै समय खर्च भएको संसद विघटन खारेज र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन माग गर्दै नेकपा एमालेका २३ सांसदहरूको हस्ताक्षर फिर्ता हुन सकेन। सर्वोच्च अदालतमा मुद्दाको सुनुवाई सकिएको छ। फैसला अगाडि सहमति गरेर पार्टीलाई एकताबद्ध बनाउन सकिए पनि हस्ताक्षर फिर्ता नभएको हुँदा फैसलालाई कस्तो प्रभाव पार्छ कुर्नुपर्ने छ। ओली पक्षले हस्ताक्षर फिर्ता लिन माग गर्दै आएको भएपनि कार्यदलले पार्टी एकताको भावनाअनुसार संस्थागत निर्णय गर्ने बताएको छ। अब नेताहरूले संस्थागत निर्णय गरेर मात्र चल्ने बनाउन खोजिएको छ। सबैभन्दा पेचिलो बनेको माओवादी केन्द्र छाडेर एमालेमा रहेका वादल समूहलाई स्वागतगर्दै केन्द्रीय कमिटीमा थप मनोनयन गर्ने सहमति भएको ठानेपाल समुहले उठाउँदै आएको माग कार्यदलले जेठ २ मा फर्किने सहमति गरेको छ। तर पार्टी एकता गर्दा थपिएका केन्द्रीय सदस्यहरु र माओवादी केन्द्र छाडेर आएका नेताहरुलाई पनि जिम्मेवारी दिइने भएको छ।

सबै तहका कमिटी, निकाय र जनसंगठन, नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक कार्यदिशा र विधानको व्यवस्था बमोजिम नेकपा गठन हुनुपूर्व २०७६ साल जेठ २ गतेको संगठनात्मक अवस्थाबाट क्रियाशील हुने कार्यदलको सहमति छ। साथै ३ जेठ २०७५ मा मनोनित केन्द्रीय सदस्यहरु पनि कार्यदलले स्वीकार गरेको छ। यस्तै २३ फागुनको सर्वोच्च अदालतको फैसलापछि एमालेमा आएका माओवादी नेताहरुलाई स्वागत गर्दै नेकपामा जुन कमिटीमा थियो, त्यही कमिटीको जिम्मेवारी दिने सहमति भएको छ। 'अन्य कमरेडहरुलाई उहाँहरु नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा रहँदा सरहको कमिटीमा संगठित गरिने छ' कार्यदलले गरेको १०बुँदे सहमतिको चौथो बुँदामा भनिएको छ। कार्यदलले केन्द्रीय कमिटीको आकार बढाउने सहमति पनि जुटाएको छ। हाल कायम रहेको केन्द्रीय कमिटीको १० प्रतिशतमा नबढ्ने गरी मनोनित गर्ने सहमति छ। ओली र नेपाल समुहको रोजाइमा नपरेका नेता पनि मनोनीत गर्नुपर्ने माग थियो।लामो ईतिहास भएका ,ईमानदार र गुटबन्दी नगर्ने छुटेका थिए। तिनलाई समेट्न र सन्तुलन मिलाउन मनोनीत थप्ने सहमति जुटेको हो।

कार्यदलमा २३ फागुन यता दुबै पक्षले गरेका सबै निर्णयहरु खारेज गर्ने सहमति पनि जुटेको छ। सहमतिको तेस्रो बुँदामा भनिएको छ, '२०७७ साल फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट नेकपा (एमाले) पुनर्जीवित भएपछिका पार्टीको वैधानिक व्यवस्था तथा एकतासँग मेल नखाने कुनैपनि तर्फका राजनीतिक र संगठनात्मक काम कार्यवाहीहरु स्वतः बदर भएका छन् ।अब सग्लो एमाले कायम गर्ने प्रयास हो। पार्टी तथा जनसंगठनहरु पूर्ववत अवस्थामा क्रियाशील हुने क्रममा उत्पन्न हुनसक्ने समस्याको निराकरण गर्न र सदस्यता नवीकरण, महाधिवेशन तथा विभिन्न तहका अधिवेशनका सम्बन्धमा सुझाव दिन कार्यदल गठन गर्ने सहमति पनि भएको छ। सहमति अनुमोदन गर्न यथाशीघ्र विधान महधिवेशन आयोजना गर्ने पनि समझदारी छ। कार्यदलले पार्टी, संसदीय दल र जनसंगठनहरुलाई विधि र पद्धतिसम्मत किसिमले उच्च समझदारीका साथ सञ्चालन गर्दै एकता, क्रियाशीलता र मर्यादाको अभिवृद्धि गर्ने बताएको छ। 'यसका लागि एकतावद्ध भई आ-आफूनो स्थानबाट सक्रियतापूर्वक योगदान गर्न पार्टी पंक्तिलाई आव्हान गरिएको छ' सहमतिमा भनिएको छ।

# कुश्मामा पाँच दिनपछि आंशिकरूपमा खानेपानी आपूर्ति शुरु

पोखरापत्र संवाददाता
**पर्वत, २७ असार**

पर्वत सदरमुकाम कुश्माबजारमा पाँच दिनपछि खानेपानीको आंशिक आपूर्ति भएको छ। पहिरो र बाढीले क्षतविक्षत भएको क्यादीखोलाको मुल मर्मतपछि उपभोक्ताको धारामा पानी आउन थालेको हो।

पातीखोलाको पाइप लाइन अझै सञ्चालन हुनसकेको छैन। मङ्गलबारको बाढी र पहिराले क्यादीखोला र पातीखोलाको पाइप लाइन पुरिँदा कुश्मामा पानी आपूर्ति रोकिएको थियो। क्यादीखोलाको पानी आएपछि उपभोक्ताको आधा माग मात्रै पूरा भएको छ। शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष रविकुमार श्रेष्ठले पातीखोलाको पाइप लाइन मर्मतको काम पनि शुरु भएको बताउनुभयो। पाइप लाइनमा क्षति भएपछि कुश्मा नगरपालिका र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको खर्चमा पाइप परिवर्तन गरेर खानेपानीको आपूर्ति सञ्चालन गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। क्यादीखोलासहित गोदाम र खुर्कोटको बर्खेमुलबाट पनि पानी ल्याइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। कुश्मा-८ चुवास्थित सुन्दरे खोलामा आएको बाढीले पातीखोलाको पाइप लाइन क्षतविक्षत बनाएपछि उक्त लाइन मर्मत गर्न केही दिन लाग्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

संस्थाका प्रबन्धक राजेन्द्र रोकाका अनुसार पानी आपूर्तिका लागि राखिएका चार ठूला ट्याङ्कीमा क्यादीखोला र पातीखोला दुवैतर्फको मुहानबाट दैनिक २६ लाख लिटर पानी आउने गरेको थियो। त्यसमध्येको करिब २० लाख लिटर खपत हुने गरेको छ। बजारमा संस्थामार्फत दुई हजार ५६१ वटा धारा जडान गरिएका छन्। पानी आपूर्ति नहुँदा उपभोक्ताले आकाशेपानी जोहो गरेर पिउने गरेका थिए। कतिपयले नजिकैका पँधेरामा पुगेर पानीको खाँचो टार्दै आएका थिए। शिवालय खानेपानी उपभोक्ता संस्थाले उमालेर पानी पिउन पनि उपभोक्तालाई अनुरोध गरेको छ।



सोलार प्यानल : तनहुँको शुक्लागण्डकी नगरपालिका-५, बेलचौतारा सौर्य विद्युत आयोजनामा जडान गरिएका सोलार प्यानल। आयोजनाले भदौ १५ सम्म पाँच मेगावाट क्षमता विद्युत उत्पादन गर्ने तयारी गरेको छ। तस्बिर : कृष्ण न्यौपाने/रासस

# भदौसम्म सोलारबाट विद्युत् उत्पादन

पोखरापत्र संवाददाता
**दमौली, २७ असार**

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा निर्माणाधीन सोलार आयोजनाबाट भदौसम्म विद्युत् उत्पादन हुने भएको छ। भदौ १५ गतेभित्र पाँच मेगावाट विद्युत् उत्पादन गर्ने गरी धमाधम काम भइरहेको आयोजनाले जनाएको छ।

विसं २०७६ साउनमै निर्माण सम्पन्न भइसक्नुपर्ने आयोजना कोरोना कहरका कारण ढिलाइ भएको सोलार फार्म प्रालिका व्यवस्थापक हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो। "सम्झौताअनुसार पहिल्यै विद्युत् उत्पादन भइसक्नुपर्ने थियो तर कोरोना कहरका कारण काममा ढिलाइ हुँदा प्रगति हुन सकेन", उहाँले भन्नुभयो, "अहिले काम लगभग अन्तिम चरणमा पुगिसकेको छ।"

उहाँका अनुसार हाल दैनिक ४० बढी कामदारले आयोजनाको काम गरिरहेका छन्। "६० प्रतिशत सोलार पाता हालिसकिएको छ, भदौ १५ गतेभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित काम तीव्र पारिएको छ", श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार केही दिनदेखि परेको वर्षाका कारण पनि काम प्रभावित भएको थियो।

आयोजनामा १३ हजार ४९४ वटा सौर्य प्यानल जडान हुनेछन्। सोलार फार्म प्रालिले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित भानुभक्त क्याम्पसको एक सय रोपनी जग्गामा काम गरिरहेको छ। आयोजनामा बेलायतमा बसोबास गर्ने नेपालीले स्थापना गरेको 'नेपाल कर्पोरेटिभ इन्भेष्टमेन्ट समूह' ले लगानी गरेको छ।

आयोजना सम्पन्न गर्न रु ६० करोड अनुमान गरिएको छ। नेपाल विद्युत् प्राधिकरणसँग विसं २०७५ साउनमा विद्युत् खरिद सम्झौता (पिपिए) हुँदा आयोजनाबाट विसं २०७६ साउनदेखि विद्युत् उत्पादन शुरु गर्ने तालिका थियो। शुरुमा प्रसारण सम्झौता हुँदा उत्पादन हुने विद्युत् दमौली सबस्टेसनमा जोडिने भनिएको थियो। अहिले ५०० मिटर दूरीको बेलचौतारा सबस्टेशनमा जोड्ने गरी प्राधिकरणसँग प्रसारण सम्झौता संशोधन गरिएको छ।

आयोजना सम्पन्न हुँदा दैनिक ३० हजार युनिट विद्युत् उत्पादन गर्न सकिने कम्पनीले जनाएको छ। आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले २५ वर्षसम्म प्रतियुनिट रु ७.३० मा खरिद गर्नेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको 'ग्रिड कनेक्टेड सौर्य विद्युत् विकाससम्बन्धी कार्यविधि २०७४' अनुसार प्राधिरकरणसँग पिपिए गर्ने योनै पहिलो सौर्य विद्युत् आयोजना हो।

# साफ फुटबल नेपालमा आयोजना हुन्छ : प्रधानमन्त्री

रासस
**काठमाडौं, २७ असार**



प्रधानमन्त्री केपी शर्मा ओलीले १३औं दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ) नेपालमा आयोजना हुने बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आज युवा तथा खेलकूद मन्त्रालयद्वारा आयोजित 'श्री नेसन्स कप' को उपाधि विजेता राष्ट्रिय फुटबल टोलीका खेलाडी तथा प्रशिक्षकलाई पुरस्कार तथा सम्मानपत्र वितरण कार्यक्रममा उहाँले साफ फुटबल नेपालमा आयोजना गरिने जनाउँदै नेपाली टोलीलाई जित्ने उद्देश्यका साथ अभ्यास गर्न सुझाव दिनुभयो। प्रधानमन्त्री ओलीले साफ फुटबलको तयारी थाल्न अखिल नेपाल फुटबल सङ्घ (एन्फा) र राष्ट्रिय खेलकूद परिषद् (राखेप) लाई निर्देशन दिनुभयो।

आयोजक राष्ट्र बङ्गलादेशले प्रतियोगिताबाट हात झिकेपछि नेपालमा साफ आयोजना गर्न एन्फाले प्रस्ताव अघि बढाएका सन्दर्भमा प्रधानमन्त्री ओलीले उपाधि जित्नका लागि कडा मेहनत आवश्यक भएकाले नेपाली टोलीलाई जित्ने लक्ष्य लिएर मैदानमा उत्रिन आग्रह गर्नुभयो। "हामी साफ आयोजना गर्न सक्छौं, मनोबल उच्च बनाउनुस्", उहाँले भन्नुभयो। गत वर्ष चैतमा सम्पन्न 'श्री नेसन्स कप' को फाइनल खेलको दशरथ रङ्गशालामा प्रत्यक्षरुपमा अवलोकन गरेको सम्झना गर्दै प्रधानमन्त्री ओलीले कद होचो भए पनि मनोबल उच्च भएकाले नेपाली टोलीले बङ्गलादेशसितको फाइनल खेल जित्नेमा आफू त्यतिबेलै आशावादी भएको बताउनुभयो। नेपाली टोलीले अनुशासितरुपमा फाइनल खेल खेलेको जनाउँदै उहाँले खेलमा अनुशासन अत्यावश्यक भएको बताउनुभयो। "टोलीको आत्मविश्वास बढाउन हरेक खेलाडीले आफ्नो आत्मविश्वास बढाउनु आवश्यक हुन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो। देशको विकास हुनका लागि खेलकूदको मात्र नभई चौतर्फी विकास आवश्यक भएको उहाँको भनाइ थियो। सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाली टोलीका खेलाडी र प्रशिक्षकलाई नगदसहित खादा ओढाई सम्मानपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रमका प्रारम्भमा युवा मन्त्रालयका सचिव केदार न्यौपानेले मन्त्रालयले गरिरहेका विभिन्न गतिविधिबारे प्रधानमन्त्री ओलीलाई जानकारी गराउँदै उपाधि विजेता फुटबल टोलीका लागि रु एक करोड निकासा गरिएको बताउनुभयो। सम्मानितका तर्फबाट नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान किरणकुमार लिम्बू चेम्जोङले सरकारले सम्मान गरेपछि आफूहरु थप उत्साहित भएको बताउँदै आगामी दिनमा पनि सम्मान र पुरस्कृत हुने उद्देश्यका साथ खेल प्रदर्शन गर्ने वाचा गर्नुभयो। "आगामी दिनमा पुरस्कृत र सम्मान गर्न बाध्य पार्ने गरी खेल्छौं", उहाँले भन्नुभयो। सो अवसरमा चेम्जोङले सरकारले नेपालमै १३औं साफ फुटबल आयोजना गर्न पहल गरे सम्भव हुने तथा नपाली टोली उपाधि उचाल्ने गरी मैदानमा उत्रिने बताउनुभएको थियो। टोलीका खेलाडीलाई सरकारले जनही रु चार लाख तथा प्रशिक्षकलाई जनही रु दुई लाख प्रदान गरेको छ। सो अवसरमा एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले प्रधानमन्त्री ओलीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

नेपाल, बङ्गलादेश र किर्गिस्तानबीचको 'श्री नेसन्स कप' गत वर्ष चैत १० देखि १६ गतेसम्म नेपालमा सञ्चालन भएको थियो। प्रतियोगिताको फाइनलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले हराउँदै उपाधि जितेको थियो। नेपालका लागि संजोक राई र विशाल राईले एकएक गोल गर्नुभएको थियो। नेपालले ३७ वर्षपछि घरेलु मैदानमा ठूलो प्रतियोगिताको पहिलो पटक उपाधि जितेको थियो।

पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा युवामन्त्री कृष्णगोपाल श्रेष्ठ, राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य सचिव रमेशकुमार सिलवाललगायतको उपस्थिति थियो। यसअघि साफ यस वर्ष बङ्गलादेशमा आयोजना हुने तय थियो। प्रतियोगिता सेप्टेम्बर १४ देखि २५ तारिखसम्म गर्ने तय भए पनि बङ्गलादेशले अन्तिम समयमा कोरोना भाइरस महामारीलगायत कारण आयोजना गर्न नसक्ने जनाएको थियो। बङ्गलादेशले प्रतियोगिताको आयोजनाबाट हात झिकेपछि नेपाल र श्रीलङ्काले साफ फुटबल आयोजना गर्न दावी गरेका छन्।

# 'वायुसेवा निगमलाई निजीकरण गर्ने कुनै योजना छैन'

रासस
**काठमाडौं, २७ असार**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई निजीकरण गर्ने कुनै योजना नरहेको स्पष्ट पारेको छ।

निगमलाई कम्पनी मोडलमा लैजाने प्रक्रिया अघि बढेको भन्ने भ्रमपूर्ण सूचना सम्प्रेषण भइरहेकामा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै मन्त्रालयले आज विज्ञप्ति निकालेर खण्डन गरेको हो। मन्त्रालयका प्रवक्ता तारानाथ अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ- "निगमलाई निजीकरण गर्ने वा निजी कम्पनीमा रुपान्तरण गर्ने कुनै योजना एवं कार्यक्रम नभएको तथा निजीकरणको प्रक्रियाका सम्बन्धमा हालसम्म कुनै छलफलसमेत नभएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।" निगमको रणनीतिक सुधारका लागि भइरहेका कार्यका सम्बन्धमा विभिन्न महानुभावबाट भइरहेको गलत सूचनाप्रति पनि मन्त्रालयले चासो जनाउँदै सत्यतथ्यको पक्षमा उभिन अपिल गरेको छ। निगमका महाप्रबन्धक डिमप्रसाद पौडेलले पनि हालै निगम व्यवस्थापनले अहिलेकै अवस्थामा निगमलाई कम्पनी मोडलमा लैजान नहुने स्पष्ट पार्नुभएको थियो। निगमलाई कम्पनी मोडलमा लैजाने प्रक्रिया अघि बढेपछि निगमका कर्मचारीले उक्त कदमको विरोध जनाएका छन्। निगमलाई निजीकरण गरी कर्मचारीको भविष्यलाई अन्यौल पार्ने खेल भएको भन्दै निगमभित्रका केही कर्मचारी सङ्गठनले निगमका उच्च पदाधिकारीको कार्यकक्षमा पाँच दिनसम्म तालाबन्दी गरेका थिए।

प्रहरी प्रशासनको सहयोगमा तालाबन्दी खुलाइएको छ। कर्मचारीको विरोध भने अझै साम्य भएको छैन। उनीहरुले महाप्रबन्धक पौडेललाई काममा अवरोध गरेका छन्।

सरकारले चालू आवको बजेटमार्फत निगमको सङ्गठन सुधार गर्ने भनी गरिएको प्रतिबद्धताबमोजिम विभिन्न विकल्पको अध्ययन गर्ने क्रममा कम्पनी मोडलमा सञ्चालन गर्नेबारे आवश्यक तयारीस्वरुप विभिन्न विकल्पमा छलफलको प्रक्रिया मात्रै अघि बढेको निगमले यसअघि नै स्पष्ट पारिसकेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : सम्मान मिल्नेछ | **तुला** | : झमेला बढ्ने |
| **वृष** | : शत्रुको भय | **वृश्चिक** | : मन चञ्चल |
| **मिथुन** | : मानसिक तनाब | **धनु** | : शारीरिक झमेला |
| **ककर्ट** | : आर्थिक समस्या | **मकर** | : सत्कार मिल्नेछ |
| **सिंह** | : कार्यमा सफलता | **कुम्भ** | : ब्यापारमा लाभ |
| **कन्या** | : अप्रत्यसित लाभ | **मीन** | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं।

नाम : सरोज राना मगर
बीमालेख न :०६१००१५२९०

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
क्षेत्रीय कार्यालय पोखरा फोन: ०६१-५२४४५०

## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

**योजनाको नाम :** अकलादेवी तथा लक्ष्मीनारायण मन्दिर परिषद्
**ठेगाना :** पोखरा म.न.पा.-१९, माछापुच्छ्रे राजमार्ग, (लामाचौर, बगैंचा अकलादेवी)
**उपभोक्ता समितिको नाम :** अकलादेवी तथा लक्ष्मीनारायण मन्दिर परिषद्
**योजना सम्झौता मिति :** २०७८/२/११
**योजना सुरु मिति :** २०७८/२/१२
**योजना सम्पन्न मिति :** २०७८/३/१५
**योजनाको कूल लागत :** रु. २९,००,०००
**महानगरपालिकाबाट :** रु. २५,००,०००
**उपभोक्ताबाट :** रु. ४,००,०००

**उपभोक्ता समिति :**
**अध्यक्ष :** होमनाथ आचार्य
**उपाध्यक्ष :** पार्वती काफ्ले
**सचिव :** रामचन्द्र आचार्य
**कोषाध्यक्ष :** कोमलप्रसाद काफ्ले
**सदस्य :** श्रीधर काफ्ले, सूर्य ब. भुर्तेल, अर्जुन आचार्य

# पुऱ्याइयो सिर्दिबासमा १५० क्विन्टल चामल

पोखरापत्र संवाददाता
गोरखा, २७ असार

सडक मार्ग र खच्चडबाट समेत ढुवानी सम्भव नभएपछि उत्तरी गोरखाको सिर्दिबासमा हेलिकप्टरबाट १५० क्विन्टल चामल पुऱ्याइएको छ।

बाढीपहिराका कारण सदरमुकामसम्म जोडिने सडक तथा पैदल मार्गसमेत अवरुद्ध भएपछि ती क्षेत्रमा खाद्यान्न लगिइएको हो । खाद्य तथा वयापार कम्पनी लिमिटेडले नेपाली सेनाको हेलिकप्टर मार्फत चामल ढुवानी गरेको लिमिटेडका सूचना अधिकारी शिव सुनारले जानकारी दिनुभयो । उहाँका अनुसार अनुदानका चामल सिर्दिबास पुऱ्याइएको हो । प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलका समन्वयमा दुई दिन लगाएर शनिबार साँझसम्ममा चामल सिर्दिबास डिपोमा पुऱ्याइएको उहाँले बताउनुभयो । जिल्लाको चुमनुव्री गाउँपालिका क्षेत्रमा पर्ने सिर्दिबास डिपोबाट सर्दीबास, चुम्चेत, छेकम्पार, बिही, प्रोक र ल्हो क्षेत्रका बासिन्दालाई सहुलियतमा चामल उपलब्ध गराइँदै आइएको छ । "बाढीपहिरोले सडक मार्ग मात्र होइन खच्चड हिँड्न सक्ने समेत बाटो नभएपछि जिल्ला प्रशासन कार्यालयका पहलमा सेनाको हेलिकप्टर मगाइ दुई दिन गरेर चामल पठाइएको छ ", सूचना अधिकारी सुनारले भन्नुभयो, "मौसम खराबीका कारण भनेको समयमा हेलिकप्टर आउन नसक्दा असार २३ गतेपछि दोस्रो पटक शनिबार थप चामल सिर्दिबास पुऱ्याउन सम्भव भएको हो ।"

पहिलो पटक ८५ क्विन्टल र दोस्रो पटक ६५ क्विन्टल चामल डिपोमा पुऱ्याएर सुरक्षित भण्डारण गरिएको उहाँले बताउनुभयो । कम्पनीले यस बर्ष सिर्दिबास डिपोमा तीन हजार ५०० क्विन्टल चामल ढुवानी गनुपर्नेमा गत जेठ अन्तिम सातादेखि नै अविरल वर्षा शुरु भएपछि चामल लैजान सकिएको थिएन् । हेलिकप्टरमार्फत डिपोमा पुऱ्याएको चामल अरुवा मन्सुली प्रतिकिलो ५० रुपैयाँ ३० पैसामा बिक्री गरिने सिर्दीबास डिपोले जनाएको छ।

# अमेरिकाले दिने १५ लाख डोज खोप सोमबार नेपाल पुग्ने

रासस
काठमाडौं, २७ असार

अमेरिकी सरकारले कोभ्याक्सअन्तर्गतको कोरोना भाइरस विरुद्धको १५ लाख डोज खोप नेपाललाई प्रदान गरेको छ।

अमेरिकी खोप उत्पादक कम्पनी जोन्सन एण्ड जोन्सनको खोप ब्रसेल्सबाट स्थानीय समयअनुसार आइतबार नेपालका लागि प्रस्थान गर्ने र सोमबार बिहान नेपाल पुग्ने कार्यतालिका रहेको छ।

उक्त खोप एक मात्रा लगाएपुग्ने खोप हो। कोरोना भाइरस विरुद्धको लडाइँमा अमेरिकी सरकारले नेपाललाई गरेको सहयोगअन्तर्गत खोप एउटा महत्वपूर्ण सहयोग हो। अमेरिकाका लागि नेपालका राजदूत डा युवराज खतिवडाले महाविपत्तिको बेलामा मित्र राष्ट्र अमेरिकाको सहयोग महत्वपूर्ण भएको बताउनुभयो । रासससँग उहाँले भन्नुभयो, "अमेरिकी सरकारको सहयोगका लागि नेपाल सरकारका तर्फबाट म अमेरिकी सरकार र यहाँका जनताप्रति हार्दिक आभार व्यक्त गर्दछु । राजदूत खतिवडाले राष्ट्रपति विद्यादेवी भण्डारीले प्रेषित गर्नुभएको पत्रको प्रत्युत्तरमा अमेरिकी राष्ट्रपति जो वाइडेनले नेपाललाई अधिकतम सहयोग गर्ने बताउनुभएको जानकारी दिनुभयो । राष्ट्रपति वाइडेनले राष्ट्रपति भण्डारीलाई प्रेषित गर्नुभएको पत्रलाई उदधृत गर्दै राजदूत खतिवडाले भन्नुभयो, "अमेरिकी सरकारले जी-७ को बैठकले पारित गरेको खोपसम्बन्धी निर्णयलाई कार्यान्वयन गर्नेछ ।" हालै सम्पन्न जी-७ को बैठकले विश्वव्यापीरूपमा खोप वितरणलाई उच्च प्राथमिकतामा राखिने निर्णय गरेको थियो ।

अमेरिकाका सङ्घीय सरकारका जनप्रतिनिधिमार्फत नेपाललाई खोप उपलब्ध गराउनका लागि समन्वय गर्दै आउनुभएका मेरिल्याण्ड जनरल एसेम्बलीका विधायक ह्यारी भण्डारीले अमेरिकी सरकारले नेपाललाई हरेक सहयोगमा प्राथमिकतामा राख्दै आएको बताउनुभयो। "कोरोना भाइरसका कारणले नेपालको अवस्था गम्भीर रहेको विषयलाई राजनीतिक तहमार्फत जनप्रतिनिधिहरूसँग निरन्तर समन्वय गर्दै आएकामा पहिलो प्रयास सफल भएको छ", उहाँले भन्नुभयो, "यो एउटा सामूहिक पहलकदमी हो र सङ्घीय सरकारको नीतिगत व्यवस्थाअन्तर्गत कार्यान्वयन भएको हो, यो मानवीय सहयोगको महत्वपूर्ण पाटो पनि हो ।" नेपालले अमेरिकाबाट थप खोप खरिदका लागि समेत पहल गरिरहेको छ तर खोपको माग अत्यधिक भएकाले कतिपय कम्पनीहरूले सन् २०२१ सम्मका लागि नयाँ सम्झौता गर्न नसकिने बताइरहेका छन् । नेपालले खोपको आयात गर्न र भण्डारण गर्न पूर्वाधारसमेत निर्माण गर्नुपर्ने हुन्छ । त्यसका लागि अझ बढी समय लाग्नसक्ने जानकारहरूको भनाइ छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९८५/०८/०९

स्वर्गारोहणः वि.स. २०७८/०३/१६ गते

**स्वः चन्द्रकान्त बाँस्तोला**

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३ बाँझापाटनका संस्थापकदेखि हालसम्म निरन्तर संचालक माधव प्रसाद बाँस्तोला, शेयर सदस्य गुरुप्रसाद बाँस्तोला तथा रवी प्रसाद बाँस्तोलाका पिता, शेयर सदस्य भगवती बाँस्तोला, सरस्वती बाँस्तोला तथा गिता बाँस्तोलाका ससुरा, शेयर सदस्य प्रमिला बाँस्तोलाका बुढा ससुरा, शेयर सदस्य विजयबाबु बाँस्तोला, दिपिका बाँस्तोलाका हजुरबुबा **चन्द्रकान्त बाँस्तोला** को ९३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, ईष्टमित्र, कुलकुटुम्बमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**माधब प्रसाद आचार्य**
**अध्यक्ष तथा**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**पोखरा-१३**

# प्राज्ञ नगेन सिहंको कास्की जिल्लासभापतिमा उम्मेदवारी

पोखरापत्र संवाददाता
पोखरा, २७ असार



नेपाली काँग्रेसको १४औं महाअधिवेशन जति जति नजिकिदै छ, त्यति नेताहरुबीच नेतृत्व हत्याउने रणनीति तयारी हुँदै गईरहेको समयमा प्राज्ञ नगेन सिहं ठकुरीको पनि कास्की जिल्लासभापतिमा उम्मेदवारीको चर्चा भईरहेको छ।

मतदाताहरुलाई आफू तिर तानातान भईरहेको समयमा काँग्रेसभित्र रहेको गुटउपगुटबीच तालमेल तथा लन्च मिटिङ्को पनि निकै चर्चा भईरहेको समयमा हाल बर्तमान अवस्थामा सोसल मिडिया कै भरमा जीत पक्का गरेको सभापति उमेदवार प्राज्ञ नगेन सिहं ठकुरीले बताउनु भयो । हरेक ५/५ बर्षमा महाधिवेशन आउँने र अहिले चौथौं महाधिवेशनमार्फत बिश्वब्यापी रूपमा मुलुकलाई अत्याधुनिक बैज्ञानिक नयाँ दिशामा लानु पर्छ भन्ने अभियानमा हामी क्रियाशिल छौं र पार्टीभित्र देखिएका सकारात्मक पक्षलाई अझ तिखार्ने, जनताका आवाजलाई महाधिवेशनमार्फत संस्थागत गर्ने र विचारको राजनीति यो महाधिवेशनले प्रवर्द्धन गर्नुपर्छ भन्ने सोचले अघि बढ्दै गर्दा निःसन्देह नेतृत्वको कुरा पनि अत्यन्तै महत्वपुर्ण रहेकोले कास्की जिल्लाको नेतृत्वमा जाने निर्णय गरेको ठकुरीले बताउनु भयो । उहाँले साथीहरुको चाहना र इच्छा बमोजिम राजनीतिमा अगाडि बढ्नुपर्ने जनाउदैं कास्की जिल्लाको संगठनलाई राजनीतिक रुपमा चलायमान गर्नका लागि नेतृत्वमा आउन लागेको बताउनु भयो।

ठकुरीले अब काग्रेस बचाएर देश बनाउने हो भने ४० बर्ष मुनिकालाई १००% बडा समितिमा, ९०% नगरगाउँ पालिकामा, ८० % क्षेत्रीय प्रतिनिधिमा अनिवार्य उपस्थित गराएर पार्टीलाई अत्याधुनिक बैज्ञानिक रुपमा संचालन गर्नुपर्ने पहिलो मुख्य एजेण्डा भएको र संगठनलाई सशक्त र चुस्त बनाउने मेरो अर्को एजेन्डा हो पार्टीका साथीहरुलाई प्रशिक्षित र प्रभावशाली बनाउने, जनताको विषयबस्तुलाई बुलन्दरुपमा आवाज मुखरित गर्ने पार्टीको रुपमा नेपाली काँग्रेसलाई स्थापित गर्ने अहिलेको नितान्त आवश्यकता भएकोले "अत्याधुनिक बैज्ञानिक विचार, असल नीति र सक्षम नेतृत्व चयन गरौं" भन्ने नाराका साथ अघि बढेको बताउनु भयो । नेपाली काँग्रेसको सदस्य रहेको बताउदैं महामानव बिपी कोईरालाको लाईनमा रहेको जनाउनु भयो । उहाँले नेपाली काँग्रेसलाई एक ढिक्का र एकीकृत पार्टीको रुपमा अगाडि बढाउनुपर्ने बताउदैं नेपाली काँग्रेसभित्र गुट र उपगुटको जुन राजनीति छ त्यसले नेपाली काँग्रेसलाई दिनप्रतिदिन कम्जोर बनाउँदै लगेको जनाउनुभयो । यो समस्याबाट नेपाल काँग्रेसलाई कसरी मुक्त गर्ने चिन्तन रहेको बताउदैं आफूँ कुनै लाइन विशेषको उम्मेदवार भन्दा पनि सबैको साझा उम्मेदवार, कार्यकर्ताहरुको उम्मेदवार सबै पक्षलाई सम्मान गर्ने उम्मेदवारको रुपमा सिँगो पार्टीको सभापतिको रुपमा अगाडि बढेको जनाउनु भयो। ठकुरीले साथीहरुको सद्भाव र मायाले उम्मेदवारीको घोषणा गरेको र कास्कीमा पार्टी भित्रका सबै पक्षलाई समेटेर अगाडि बढ्न सक्ने अवस्था सिर्जना हुने र अब सबै महामानव बिपी कोईरालाको लाईनमा हुनुपर्ने र नेपाली काँग्रेसका साथै सम्पूर्ण जिल्ला बासिको बिकास गर्ने बताउनु भयो।

समाजबाद, प्रजातन्त्र र राष्ट्रियताको उदेश्य पूरा गर्न अब सबै महामानव बिपी कोईराला गुटमा आउनुपर्ने ठकुरीले बताउनु भयो। ठकुरीले नेविसंघको ११औं महाधिवेशनमा केन्द्रीय अध्यक्ष लडदै गर्दा नेपाल काँग्रेस तीन गुट पनि एक आपसमा मिलेर २ गुट हुदाँ पनि फिर्ता नलिएको ईतिहास सम्झदैं जसको परिणाम तत्काल भोगे पनि अहिलेसम्म सबै नेविसंघ र काँग्रेसले दुख पाई बताउदैं त्यतिखेर पनि अडिक र ठिक थिए अहिले पनि किनकि आफू बन्ने भन्दा पनि आफ्नो एजेन्डा स्थापित गर्नु नै महान कार्य हो ढिलो चाडो सबैले बुझ्नु पर्ने बताउनु भयो।

# कर्मचारीको निधनमा गाउँपालिका बन्द

पोखरापत्र संवाददाता
दमौली, २७ असार

तनहुँको ऋषिङगाउँपालिकामा कार्यरत सुरक्षागार्डको पहिरामा पुरिएर मृत्यु भएपछि गाउँपालिकाका सम्पूर्ण सेवा एक दिनका लागि बन्द गरिएको छ। ऋषिङ-८ माझकोटका ४२ वर्षीय खुमबहादुर थापाको निधनमा दुःख व्यक्त गर्दै गाउँपालिकाले असार २७ गते आज सेवा बन्द गर्ने निर्णय गरेको हो।

प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले गाउँपालिका मातहतका सम्पूर्ण कार्यालय एक दिन बन्द गर्ने निर्णय भएको जानकारी दिनुभयो । थापाको बिहीबार गोठमा पानी तर्काउन जाने क्रममा घर माथिबाट खसेको पहिराले पुरिएर मृत्यु भएको थियो। उहाँको शव पहिरामा पुरिएको ११ घण्टापछि निकालिएको थियो।

यसैगरी सोही दिन ऋषिङ-७ मा पहिराले पुरिएर देवीसरा थापाको मृत्यु भएको थियो। एकै दिन दुई जनाको मृत्यु भएपछि ऋषिङ शोकमा परेको छ। पहिरामा पुरिएर दुई जनाको मृत्यु भएपछि ऋषिङ शोकमा डुबेको नेपाल रेडक्रस सोसाइटी कोटदरबार उपशाखा सभापति इन्द्रबहादुर आलेले बताउनुभयो। "प्रकृतिको रौद्ररुप प्रकट भएको छ। प्रकृतिले निर्मम प्रहार गरेको छ। सारा ऋषिङ शोकमग्न छ", उहाँले भन्नुभयो।

पहिराका कारण दर्जनौं घर क्षतिग्रस्त र जोखिमपूर्ण भएका छन्। वर्षाको समयमा उठीबास, भागाभाग र रुवाबासी भएको छ। थुप्रै चौपाया मरेका छन्। धेरैको बारी पहिराले लगेको छ। खेत बगरमा परिणत भएको छ। खेतीपाती नष्ट भएको छ। सयौं ठाउँमा पहिरो गएको छ। यातायात अवरुद्ध छ। उहाँका अनुसार पहिराले बस्ती असुरक्षित भएका छन् । "असुरक्षा, भय र त्रास व्याप्त छ। बाढी पहिरोपीडितले सहयोगको याचना र अपेक्षा गरिरहेका छन्। क्षतिको भौतिक मूल्य अनुमान गर्न गाह्रो छ। मानसिक र मनोवैज्ञानिक असर त झन् कहालीलाग्दो छ", उहाँले भन्नुभयो।

मृतक देवीसराका तीन सन्तान छन्। छोराहरू वैदेशिक रोजगारीमा छन् भने छोरीको घरजम भइसकेको छ। मृतक खुमबहादुरका तीन नाबालक छोरी छन् । उहाँका छोरीहरू कक्षा एक, ९ र १२ मा अध्ययनरत छन्। "कमाउने बुबाको नै पहिरामा परी मृत्यु भएपछि परिवारको बिचल्ली भएको छ", आलेले भन्नुभयो । यतिबेला थापा परिवार सहाराविहीन बनेको छ। "परिवारको दैनिकी त कठिन हुने नै भयो । बालबच्चाको लालनपालन, शिक्षा, दीक्षा र भविष्य अनिश्चित बन्ने देखिएको छ", आलेले भन्नुभयो।

गाउँपालिकाको कर्मचारी भएकाले उचित राहत, बीमालगायतका अन्य आवश्यक सहयोग गाउँपालिकाले गर्नुपर्ने आलेले बताउनुभयो। साथै श्रीमती वा छोरीलाई रोजगारीको व्यवस्था मिलाउन उहाँले आग्रह गर्नुभयो । "दुःख र पीडाको यस घडीमा पीडितलाई साथ, सहयोग र सहानुभूतिको खाँचो छ। उनीहरूको घाउलाई सहयोगरुपी मलमको आवश्यकता छ", उहाँले भन्नुभयो, "सहयोग त सरकारले अवश्य नै गर्नेछ । मानवीयताका खातिर सरकारका अतिरिक्त तपाईं हाम्रो व्यक्तिगत र संस्थागत सहयोगको पनि ठूलो आवश्यकता छ।"

# बागलुङका ६६ घर उच्च जोखिममा

-खेमराज गौतम
बागलुङ, २७ असार (रासस)

बागलुङमा पछिल्लो दुई महिनाका अवधिमा ६६ घर पहिरोका उच्च जोखिममा परेका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार दुई जनाको मृत्यु भएको छ भने एक बेपत्ता छन्।

बेपत्ता हुनेमा ताराखोला गाउँपालिका-२ घुस्मेलीका १८ वर्षीय राजेन्द्र कार्की रहेको प्रहरीले जनाएको छ । वर्षातको शुरुमै जिल्लाका विभिन्न स्थानमा एक दर्जन भन्दा बढी घरपरिवार विस्थापित भएका थिए । उनीहरु छिमेकीकामा आश्रय लिएर बसेका छन्। काठेखोला ,बडीगाड र ताराखोला गाउँपालिका तथा गलकोट नगरपालिकाका विभिन्न स्थानमा पहिरोले क्षति पुऱ्याएको छ । पहिरामा २५ घर र तीन गोठ पूर्ण रुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकवाल हवारीले जानकारी दिनुभयो। मानवीय क्षति हुने सम्भावना बढेपछि जोखिम क्षेत्रका स्थानीयवासीलाई सुरक्षित स्थानमा सारिएको उहाँको भनाइ छ। बाढीपहिराबाट यस अवधिमा रु डेढ करोडभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ।

यही असारको पहिलो साता नै बागलुङ नगरपालिका-७ पैयाखरीमा घरमाथिबाट झरेको पहिराले एक घर भत्काएको थियो भने एक घर उच्च जोखिममा परेको थियो । पहिराका कारण स्थानीयवासी रविलाल गौतमको घर गोठ भत्काएको थियो भने गोठमा रहेको भैंसी पुरिएर मरेको छ । सोही स्थानका महेन्द्र गौतमको घर उच्च जोखिममा परेपछि परिवार विस्थापित भएको जनाइएको छ । वर्षात्का कारण बागलुङ -४का नन्दलाल पौडेलको घर भत्केको र सोही स्थानका प्रदीप शेरचनको दुईतले पक्की घर, माया जिसीको कच्ची घर पहिरोका कारण उच्च जोखिममा परेपछि विस्थापित भएको थियो । बागलुङ-१३ फर्सेडाँडा बस्ने पार्वती पौडेलको घरको अगाडि र पछाडिबाट पहिरो झरेपछि घर उच्च जोखिममा परेको थियो। बरेङ गाउँपालिका-१ भ्यूडाँडाका विशाल विकको घर पनि जोखिममा परेपछि उहाँको परिवार पनि विस्थापित बनेको छ।

त्यसैगरी गलकोट -४ चमुवाकी स्थानीयबासी चन्द्रकला क्षेत्रीको घर पछाडिबाट पहिरो झरेपछि दुई तले कच्ची घर उच्च जोखिम परेको छ। घर जोखिममा परेपछि उहाँको परिवार विस्थापित भएको प्रहरीले जनाएको छ । गलकोटकै डाँडाखेतमा पनि पहिरोले स्थानीय देवबहादुर खत्रीको घर उच्च जोखिममा परेपछि उनको परिवार विस्थापित भएको छ। विस्थापित परिवारलाई सुरक्षितस्थानमास्थान्तरणगरिएको हवारीको भनाइ छ । जिल्लाको जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकामा ११ घर पहिरोको उच्च जोखिममा परेका छन् । अविरल वर्षाको कारण जैमिनी -७ जैदीका आठ घर र काठेखोला- ७ रेशका तीन घर पहिरोको उच्च जोखिममा परेका हुन् । पहिरोको कारण तीन घरपरिवारले आफन्तकहाँ आश्रय लिएका छन् भने अन्य अन्य पाँच घरका व्यक्ति भने बसाइँ नै सरेको बताइएको छ । पहिराको कारण कालिदास शर्मा, लेखनाथ शर्मा र दीपक शर्माको परिवार आफन्तकोमा आश्रय लिएर बस्न बाध्य छन् । असारको पहिलो साता नै काठेखोला-७ रेशमा सडकमाथिबाट आएको पहिराका कारण तीन घर विस्थापित भएका छन् । रेश हुँदै बागलुङ बजार जोड्ने सडकखण्ड अन्तर्गत जिरेदीको कालिका मन्दिरदेखि गगनपानीसम्मको सडकमा माथिबाट खसेको पहिरोको सडकमाथि र सडकमुनिका तीन घर विस्थापित भएको प्रहरीले जनाएको छ।

विस्थापित तीन परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। जिल्लाको ढोरपाटन नगरपालिका-९ मा पनि दुई घर पहिरोको उच्च जोखिममा रहेको प्रहरीले जनाएको छ । पहिराले स्थानीयबासी मीनबहादुर विक र मनरमा विकको घर पहिरोको उच्च जोखिमा रहेकोले सुरक्षित स्थानमा सारिएको छ। जिल्लाको बरेङ गाउँपालिकामा पनि १८ घर पहिरोको उच्च जोखिममा परेका छन् । गाउँपालिकाको धुल्लुबाँस्कोटमा १४ घर पहिरोको उच्च जोखिममा रहेको प्रहरीले जनाएको छ।

धुल्लुबाँस्कोटको भीउँ डाँडामा तीन घर, लुगरुङमा चार घर, थापाथरमा तीन घरपरिवार, उर्लेनिमा तीन घर र धुल्लुबाँस्कोट मिलन चोकमा एक घर पहिरोको उच्च जोखिममा छ। वडा नं २ को हुदीशिरमा तीन घर र वडा नं ५ सुखौरामा दुई घर पहिरोको उच्च जोखिममा रहेको स्थानीयवासीको भनाइ छ । त्यस्तै काठेखोला-८ लेखानीमा पनि नौ घर पहिरोको उच्च जोखिममा परेका छन् ।